प्रति साधारण शेयर रु.१००/– अंकित दरका ९४,८०० कित्ता साधारण शेयरहरुको निष्काशन (१,८९६ कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको र ४,७४० कित्ता शेयर सामूहिक लगानी कोषहरुको लागि बाँडफाँट गरिएको)

स्वीकृत विवरण–पत्रमा उल्लेख भए अनुसार सामूहिक लगानी कोषलाई छुट्याइएको ४,७४० कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोषहरुलाई बाँडफाँट गरिएको छ ।

समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
SAMATA MICROFINANCE BITTIYA SANSTHA LIMITED

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजत पत्र प्राप्त संस्था)
पिप्रा, सिमरा–३, बारा, नारायणी, नेपाल ।
फोन नं.: ०५३–५२१९२१
इमेलः samata@samata.org.np, वेवसाइटः www.samata.org.np
को

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति :	२०७३/९/१९ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०७३/९/२२ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०७३/१०/४ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: ५० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता	: ५०० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७३/८/२७, नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७३/९/३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७३/९/४ गते ।

१. संस्थाको नाम :

समता माइक्रोफाइनान्स वित्तीय संस्था लि.
Samata Microfinance Bittiya Sanstha Limited

२. संस्थाको रजिष्टर्ड कार्यालय :

यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय पिप्रा, सिमरा-३, बारामा रहेकोछ ।

३. कारोवार गर्ने मुख्य स्थान :

यस लघुवित्त वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान पिप्रा, सिमरा-३, बारामा रहेकोछ । हाल लघुवित्त वित्तीय संस्थाले बारा जिल्लाको कलैया, बरियारपुर, कोलहवी, नीजगढ र सिमरामा शाखा कार्यालयहरु स्थापना गरी आफ्नो लघुवित्त सम्बन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई थप शाखा कार्यालयहरु बिस्तार गरी लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

समता माइक्रोफाइनान्स वित्तीय संस्था लि., कम्पनी ऐन, २०६३ बमोजिम २०७० साल बैशाख २ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७० साल भाद्र २ गतेका दिन नेपाल राष्ट्र बैंकबाट लघुवित्त सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी यस लघुवित्त वित्तीय संस्थाले मिति २०७० भाद्र ९ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुमा बैंक, वित्तीय क्षेत्र, स्वास्थ्य, कृषि, बीमा, सामाजिक, इन्जिनियरिङ्ग, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही लघुवित्त सम्बन्धी कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) वित्तीय संस्थाको निक्षेपकर्ता तथा ऋणदाताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट न्यून आय भएका तथा विपन्न वर्गका समुदायलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धी सेवा उपलब्ध गराउने,
आ) कृषि, घरेलु उद्योग, ग्रामीण सेवा, ग्रामीण ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका क्षेत्रमा लघु ब्यबसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय श्रोत र साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको अधिकाशं ग्रामीण क्षेत्रका निम्न आय भएका वर्गको स्वरोजगारी सृजना गर्ने तथा आय आर्जन गर्ने क्षमतामा सहयोग पुर्‍याउने,
इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
ई) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको संस्थागत रुपमा विस्तार गरी त्यसमा विपन्न वर्गको पहुँच बढाउन राष्ट्रिय स्तरमा मध्यस्तता, समन्वय, सहजीकरण, प्रबर्द्धन तथा उदारिकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने, र
उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

५. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

१. **अधिकृत पूँजी**: यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.५,००,००,०००/- रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
२. **जारी पूँजी**: यस लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.३,१६,००,०००/- रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ३,१६,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
३. **चुक्ता पूँजी**: यस लघुवित्त वित्तीय संस्थाको जारी भएका ३,१६,००० कित्ता साधारण शेयर मध्ये रु.२,२१,२०,०००/- बराबरको रु.१००/- दरको २,२१,२०० कित्ता साधारण शेयर संस्थापक शेयरधनीहरुको नाममा बाँडफाँट भई जम्मा रु.२,२१,२०,०००/- चुक्ता भुक्तान भईसकेको छ । स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु.३,१६,००,०००/- हुनेछ ।

६. पश्चात हुने लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक सेयरधनीहरु	२,२१,२००	७०%	२,२१,२०,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण सेयरधनीहरु (कर्मचारीहरु समेत)	९४,८००	३०%	९४,८०,०००/-	शतप्रतिशत
	जम्मा	३,१६,०००	१००%	३,१६,००,०००/-	

७. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ ।

संस्थापक समूहबाट मनोनित/निर्वाचित संचालकहरु	६ जना
सर्वसाधारण सेयरधनीहरुबाट निर्वाचित संचालकहरु	२ जना
स्वतन्त्र ब्यबसायिक बिशेषज्ञ संचालक	१ जना
जम्मा	९ जना

८. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभूत शेयरधनीको विवरण

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ ब्यबसायमा अनुभव
१.	डम्मरमणि थेबे लिम्बु सिमरा-६, बारा ।	अध्यक्ष	५५	नेपाली	१४,०००	स्नातकोत्तर	- बाणिज्य प्रबन्धक - सूर्य नेपाल प्रा.लि., सिमरा, बारा । - लेखा समिति संयोजक - हातेमालो बचत तथा ऋण सहकारी संस्था लि., सिमरा, बारा ।
२.	हरि बहादुर भण्डारी नारायणपुर-४, चितवन	संचालक	४६	नेपाली	१८,०००	स्नातकोत्तर	- भ्याली म्यानेजमेन्ट कम्पनी, पुतलीसडकमा अध्यक्षको रुपमा ४ बर्षको कार्य अनुभव । - सौभाग्य हाउजिङ्ग एण्ड कम्पनी प्रा.लि.मा अध्यक्षको रुपमा ७ बर्षको कार्य अनुभव ।
३.	गुण बहादुर खनाल रत्न नगर, चितवन	संस्थापक शेयरधनी	५३	नेपाली	१४,०००	स्नातकोत्तर	- लेखा परीक्षकको काममा १५ बर्ष आ.ले.प. अल्पलाइन विकास बैक लि.मा कार्य गरेको ।
४.	प्रल्हाद राउत भरौल-३, मोरङ्ग	संस्थापक शेयरधनी	३५	नेपाली	१७,०००	स्नातक तह	- ने.वि.प्रा.मा मेकानिकल ईन्जीनियरको रुपमा ६ बर्षको अनुभव ।
५	कृष्ण प्र. पौडेल डुमरवाना-४, बारा	संस्थापक शेयरधनी	४५	नेपाली	१२०००	स्नातकोत्तर	- केपी पौडेल एण्ड एसोसिएट्समा दर्तावाल लेखा परीक्षक को रुपमा १५ वर्षको अनुभव ।

संचालकहरुको विवरण

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ ब्यबसायमा अनुभव
१.	डम्मरमणि थेबे लिम्बु सिमरा-६, बारा	अध्यक्ष	५५	नेपाली	१४,०००	स्नातकोत्तर	- बाणिज्य प्रबन्धक - सूर्य नेपाल प्रा.लि., सिमरा, बारा । - लेखा समिति संयोजक - हातेमालो बचत तथा ऋण सहकारी संस्था लि., सिमरा, बारा ।
२.	डा. मदन घिमिरे बराहक्षेत्र-४, सुनसरी	प्रबन्ध संचालक	५१	नेपाली	१०,०००	विद्यावारिधी	- सामुदायिक सक्रिय सहभागिता - क्याप नेपालमा ९ बर्षको कार्य अनुभव । - सामाजिक क्षेत्रमा १५ बर्षको कार्य अनुभव । - लघुवित्त क्षेत्रमा ३ बर्षको कार्य अनुभव ।
३.	टिना सुबेदी कलैया-६, बारा	संचालक	४६	नेपाली	१०,०००	स्नातक	- आन्तरिक लेखा परिक्षक - जिल्ला विकास समिति, बारा ।
४.	राजेश्वर प्रसाद आचार्य कलैया-५, बारा	संचालक	६०	नेपाली	७,०००	स्नातकोत्तर	- भक्तपुर बहुमुखी क्याम्पसमा सह-प्राध्यापकको रुपमा २८ बर्षको कार्य अनुभव । - प्रोपाइटर - आर आचार्य एण्ड कम्पनी ।
५.	विश्वराम खड्का बत्तीसपुतली-९, काठमाडौं	संचालक	५१	नेपाली	८,०००	स्नातकोत्तर	- माइती नेपालमा निर्देशकको रुपमा १९ बर्षको कार्य अनुभव ।
६.	हरि बहादुर भण्डारी नारायणपुर-४, चितवन	संचालक	४६	नेपाली	१८,०००	स्नातकोत्तर	- भ्याली म्यानेजमेन्ट कम्पनी, पुतलीसडकमा अध्यक्षको रुपमा ४ बर्षको कार्य अनुभव । - सौभाग्य हाउजिङ्ग एण्ड कम्पनी प्रा.लि.मा अध्यक्षको रुपमा ७ बर्षको कार्य अनुभव ।

९. संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको दफा २८ मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको संचालक हुनका लागि यस लघुवित्त वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता साधारण सेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा त्यस्तो संचालकले ब्यक्तिगत हैसियतले त्यस्तो सेयर लिन आवश्यक हुने छैन ।

१०. धितोपत्र जारी गर्नुको उदेश्य :

अ) लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.३ करोड १६ लाख मध्ये प्रबन्धपत्र तथा नियमावलीमा ब्यवस्था भए अनुरुप जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण जारी पूँजीको ३०% अर्थात रु.९४,८०,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- दरको ९४,८०० कित्ता साधारण सेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।
आ) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
इ) लघुवित्त वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको ब्यवस्था गर्न ।

११. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता तथा अधिकतम ५०० (पाँच सय) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ । ५० (पचास) कित्ताभन्दा बढी शेयरका लागि दरखास्त दिंदा १० (दश) अंकको गुणाङ्क संख्यामा दिनु पर्नेछ । दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने रकम वा सो बराबरको रकम जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरेको हुनु पर्नेछ ।

१२. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा–नोक्सान हिसाब तथा नेटवर्थ सम्वन्धी विवरण:

वासलात

(रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. सेयर पूँजी	११,०६०	११,०६०	२२,१२०	३१,६००	३१,६००	६३,२००
२. जगेडा तथा कोषहरु	(४७०)	१,५६९	७,५७१	१९,२२८	३१,८१६	५०,०५९
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	२९,९५३	९४,३६८	१५६,७०२	१७२,३७३	१९८,२२९	२१८,०५१
५. निक्षेप दायित्व	५,२७७	१९,८०२	६३,८८४	९५,८२६	१२९,३६५	१५५,२३७
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-	-	-	-
८. आयकर दायित्व	-	१४७	७८	-	-	-
९. अन्य दायित्व	४८७	१,९४९	३,८११	२,१४४	२,३५८	२,५९४
कुल पूँजी तथा दायित्व	४६,३०७	१२८,८९४	२५४,१६६	३२१,१७०	३९३,३६७	४८९,१४२

सम्पत्ति	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. नगद मौज्दात	-	५	३८	१४४	४५४	६७०
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	२,४२४	२१,८५६	२०,८७३	१८,३६८.६२	१५,६१३	१७,९५५.३२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-	-
५. लगानी	-	-	-	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	४२,८२०	१०४,६०१	२२८,७३१	२९७,२९८	३७१,४६९	४६४,१६८
७. स्थिर सम्पत्ति	८०६	२,२५९	२,४७८	२,४८५	२,७३४	३,००७
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	२५७	१७४	२,०४६	२,८७५	३,०९७	३,३४१
कुल सम्पत्ति	४६,३०७	१२८,८९४	२५४,१६६	३२१,१७०	३९३,३६७	४८९,१४२

नाफा–नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१ (२०७०/५/३ देखि २०७१/३/३२ सम्मको)	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. व्याज आम्दानी	३,५३९	११,१३३	२८,२२५	४२,६९७	५०,९५६	६३,७११
२. व्याज खर्च	९३०	३,२००	९,८७८	१९,३८०	२५,७२२	२९,५८६
खुद ब्याज आम्दानी	२,६०९	७,९३२	१८,३४७	२३,३१७	२५,२३४	३४,१२५
३. कमिशन तथा डिस्काउण्ट	८०७	१,८६६	३,८५९	४,२४५	५,५१८	६,६२२
४. अन्य संचालन आम्दानी	-	-	-	-	-	-
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-
कुल संचालन आम्दानी	३,४१६	९,७९८	२२,२०५	२७,५६२	३०,७५२	४०,७४७
६. कर्मचारी खर्च	१,५९५	२,५८३	५,४७१	६,०१८	६,९२०	७,९५९
७. अन्य संचालन खर्च	१,८५४	३,००८	५,२००	५,८५१	६,८१७	७,०५१
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	(३३)	४,२०७	११,५३५	१५,६९३	१७,०१५	२५,७३७
९.सम्भावित नोक्सानी व्यवस्थाहरु	४३३	१,१३३	५,१५७	८०२	८३४	१,०२९
संचालन मुनाफा/(नोक्सान)	(४६५)	३,०७४	६,३७९	१४,८९१	१६,१८१	२४,७०८
१०.गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-	-	-	-
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	२४७	३,४२८	३,४२८	३,५९९	३,९५९
नियमित कारोवारबाट भएको मुनाफा	(४६५)	३,३२१	९,८०७	१८,३१९	१९,७८१	२८,६६७
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-		-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	(४६५)	३,३२१	९,८०७	१८,३१९	१९,७८१	२८,६६७
१३.कर्मचारी बोनस व्यवस्था	-	३०२	८९२	१,६६५	१,७९८	२,६०६
१४.आयकर ब्यबस्था	५	७३०	२,६६३	४,९९६	५,३९५	७,८१८
यस वर्षको	-	७२८	२,७३८	४,९९६	५,३९५	७,८१८
गत वर्षको	-	-	-	-	-	-
स्थगन कर	(५)	(१)	(७४)	-	-	-
खुद मुनाफा/(नोक्सान)	(४७०)	२,२८९	६,२५२	११,६५७	१२,५८८	१८,२४३

नेटवर्थ सम्बन्धी विवरण

(रु.हजारमा)

विवरण	वास्तविक (रु.हजारमा) आ.ब. ०७०/०७१	वास्तविक (रु.हजारमा) आ.ब. ०७१/०७२	वास्तविक (रु.हजारमा) आ.ब. ०७२/०७३	प्रक्षेपित (रु.हजारमा) आ.ब. ०७३/०७४	प्रक्षेपित (रु.हजारमा) आ.ब. ०७४/०७५	प्रक्षेपित (रु.हजारमा) आ.ब. ०७५/०७६
चुक्ता पूँजी	११,०६०	११,०६०	२२,१२०	३१,६००	३१,६००	६३,२००
जगेडा तथा कोषहरु	(४७०)	१,५६९	७,५७१	१९,२२८	३१,८१६	५०,०५९
कुल	१०,५९०	१२,६२९	२९,६९१	५०,८२८	६३,४१६	११३,२५९
घटाउने :अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	१०,५९०	१२,६२९	२९,६९१	५०,८२८	६३,४१६	११३,२५९
सेयर संख्या (हजारमा)	१११	१११	२२१	२०५	३१६	६३२
प्रति शेयर नेटवर्थ (रु.)	९५.७५	११४.१९	१३४.२३	२४७.४६	२००.६८	१७९.२१
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	(४.४४%)	१८.१३%	२१.०६%	२२.९३%	१९.८५%	१६.११%
निष्काशन पूर्वको प्रति सेयर आम्दानी (EPS) कायम राख्न आवश्यक न्यूनतम प्रतिफल			२२.८०%			

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	५०.००%	३५.००%	२०.००%
२. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	२९.९८%	२४.९५%	२४.९५%
३. कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात (प्रतिशतमा)	९४.४०%	९६.२०%	९६.५७%
४. कुल आयमा औषत बृद्धिदर	१४६.३१%	१२०.३१%	१२४.५४%
५. कुल खर्चमा औषत बृद्धिदर	१२४.६८%	१२५.७२%	११३.२३%
६. संचालन खर्च तथा कुल आम्दानी अनुपात	२५.२८%	२४.३२%	२१.३४%
७. खुद मुनाफामा औषत बृद्धिदर	८६.४७%	७.९८%	४४.९३%
८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	७.००%	७.००%	७.००%
९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा)	१६.००%	१५.००%	१५.००%
१०. आयकर ब्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
११. अनिवार्य नगद अनुपात (CRR)	५.३५%	५.८५%	६.१६%
१२. बैद्यानिक तरलता अनुपात (SLR)	११.३६%	११.३९%	१२.१२%
१३. पूँजी पर्याप्तता (CAR)	१७.५७%	१७.६५%	२४.८८%

* व्यवस्थापनद्वारा प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

द्रष्टव्यः माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोशिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौले प्रमाणित गरेकोछ ।

१३. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :
१. निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम** : लागु नहुने ।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :
१. नयाँ लघुवित्त वित्तीय संस्था, बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम : लागु नहुने ।

(ङ) विदेशी विनिमयको जोखिम : लागु नहुने

(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : लागु नहुने ।

(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीमः
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) संचालन इतिहासको अभाव :
मिति २०७० भाद्र ३ गते देखि लघुवित्त वित्तीय संस्थाले आफ्नो लघुवित्त कारोवार संचालन गरेकोले लघुवित्त वित्तीय संस्थाको संचालन इतिहास करिव ३ बर्षको रहेको छ ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः लागु नहुने ।

(ट) अन्य :
१. लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
२. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
३. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
४. लघुवित्त वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरेको धितोपत्रको संख्या र रकम :

प्रत्याभूति गर्ने संगठित संस्थाको नाम र ठेगानाः एनआइबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौं ।
प्रत्याभूति गरिएको शेयर संख्या र रकमः रु.४७,४०,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ४७,४०० कित्ता साधारण शेयरको लागि प्रत्याभूति गरिएको छ ।

१५. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यबस्था :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिकामा भएको ब्यवस्था अनुसार साधारण सेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था :
शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिकरुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँडपत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदरः
“धितोपत्र निष्काशन निर्देशिका, २०६५” मा भएको ब्यबस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मिति देखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिन सम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र शेयर प्रमाणपत्र वितरण गरिनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धि विवरण :
निष्काशन गरिने साधारण शेयर सूचिकरण भैसकेको छैन ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण :
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धि ब्यबस्था अनुसार सूचिकरण गराई सेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

१६. कम्पनीको प्रबन्ध–पत्र, नियमावली, वासलात, नाफा–नोक्सान हिसाबको निरीक्षण गर्न सकिने समय र स्थान :

लघुवित्त वित्तीय संस्थाको प्रबन्ध-पत्र, नियमावली, वासलात, नाफा-नोक्सानको विवरण लघुवित्त वित्तीय संस्थाको रजिष्ट्रर्ड कार्यालय, पिप्रा, सिमरा-३, बारा र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखी निरिक्षण गर्न पाइनेछ ।

१७. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु र पालना गर्नु पर्ने शर्तहरु :

१) कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।
२) दरखास्त दिंदा लघुवित्त वित्तीय संस्थाले तोकेको निर्दिष्ट ढांचामा आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फाराममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ । नावालकको हकमा आवेदन दिँदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
३) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
४) दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फाराममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।
५) सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा सेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि. को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । सेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।
६) रु.५०,०००/- भन्दा वढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
७) रु.१०,००,०००/- सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१०,००,०००/- भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।
८) आबेदन फाराम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ ।
९) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१०) संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाउने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फाराममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।
११) आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
१२) बाँडफाँटबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारामसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने ब्यबस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।
१३) कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि सहित कम्पनी वा संस्थाको प्रमुखको फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ ।
१४) रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
१५) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै काठमाण्डौं उपत्यका भित्र रहेका संकलन केन्द्रहरु मार्फत दरखास्त फाराम बुझाउने आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता (DMAT Account/BOID No.) दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । काठमाण्डौं उपत्यका भित्र रहेका संकलन केन्द्रहरु मार्फत आवेदन दिने दरखास्तवालाहरुले हितग्राही खाता (DMAT Account/BOID No.) उल्लेख नगरेमा वा सहि हितग्राही खाता (DMAT Account/BOID No.) उल्लेख नगरेको खण्डमा त्यस्तो दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।
१६) काठमाडौं उपत्यकाभित्र रहेका संकलन केन्द्रहरु मार्फत दरखास्त फाराम बुझाउने आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता (Demat Account No.) दरखास्त फाराममा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता उल्लेख नगरेको वा सही हितग्राही खाता (Demat Account No.) उल्लेख नगरेको दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

१८. विवरणपत्र, दरखास्त फाराम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	फोन नं.	सम्पर्क ब्यक्ति
१	एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौं ।	४००५०८०	बद्रि प्रसाद प्याकुरेल
२.	नेपाल इन्भेष्टमेण्ट बैंक लि.को शाखा कार्यालयहरु : पुतलीसडक, लाजिम्पाट, कालीमाटी, बौद्ध, बत्तीसपुतली, ठमेल, पुल्चोक, लगनखेल, सिपाडोल तथा उपत्यका बाहिरका सम्पूर्ण शाखा कार्यालयहरु ।		
३.	समता माइक्रोफाइनान्स वित्तीय संस्था लि., सिमरा, बारा तथा सम्पूर्ण शाखा कार्यालयहरु ।	०५३-५२१९२१	रोशन गुरुङ्ग
४.	भिबोर क्यापिटल लि., कृष्णगल्ली, ललितपुर ।	५५५४७९३	सागर तामाङ
५.	*सि.बि.आई.एल. क्यापिटल लि., डिल्लीबजार, काठमाडौं	४४१७७२३	संजिव भण्डारी
६.	गोर्खाज फाइनान्स लि., डिल्लीबजार, काठमाण्डौं तथा शाखा कार्यालयहरु : बौद्ध, न्यूरोड, सातदोबाटो, सूर्यबिनायक, दमक, धरान, इटहरी, नारायणगढ र बिर्तामोड ।	४४३०५२७	मुकुन्द श्रेष्ठ
७.	गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., *हरिहर भवन, ललितपुर तथा शाखा कार्यालयहरु : *चावहिल, *हेटौंडा, बीरगञ्ज र चारआली ।	५५३७४०७	अर्चना प्रधान
८.	आईसीएफसी फाइनान्स लि., भाटभटेनी, काठमाण्डौं तथा शाखा कार्यालयहरु : बौद्ध, मैतीदेबी, गोंगबु, पेप्सीकोला, न्यूरोड र बनेपा ।	४४२५२९२	नितेश तिवारी
९.	सिनर्जी फाइनान्स लि., कमलादी, काठमाण्डौं तथा शाखा कार्यालयहरु : गोंगबु, न्यूरोड पोखरा र मिलनचोक बुटवल ।	४४४२४६१	राजेश पुरी
१०.	हाम्रो विकास बैंक लि., विदुर-३, बट्टार, नुवाकोट	०१०-५६१७७७	राकेश डंगोल
११.	साझा विकास बैंक लिमिटेड, धनगढी, कैलाली तथा शाखा कार्यालयहरु : टिकापुर र महेन्द्रनगर	०९१–५२६००६	कमला बजगाई

नोटः *उपरोक्त संकलन केन्द्रहरुबाट A/c. Payee चेक मात्र बुझिलिने ब्यबस्था गरिएको छ ।

१९. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२२३९३
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।	०१२४५२४६१५५४४०१६

नोट आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगाबै वोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२०. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ ।

दरखास्त फारामको नमूना

समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
SAMATA MICROFINANCE BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजत पत्र प्राप्त संस्था)
पिप्रा, सिमरा-३, बारा, नारायणी, नेपाल, फोन नं.: ०५३-५२१९२१
इमेलः samata@samata.org.np, वेवसाइटः www.samata.org.np
को

साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

प्रति दरखास्त फाराम रु.२/-

फोटो अनिवार्य

कोड नं. ☐☐☐

सि.नं.

दरखास्त फारममा निवेदकको अनिवार्य खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

हितग्राही खाता नं.	DP ID	Beneficial Owner ID

साधारण शेयर वापतको रकम ड्राफ्ट मार्फत जम्मा गर्दा ड्राफ्टको पछिल्लो भागमा दरखास्त नम्बर र दरखास्तवालाको नाम स्पष्टसंग उल्लेख गर्नु पर्नेछ । साथै आवेदन फाराममा ड्राफ्ट नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

श्री संचालक समिति,
समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
पिप्रा, सिमरा-३, बारा, नेपाल ।

महाशय,
त्यस लघुवित्त वित्तीय संस्थाको मिति २०७३/८/२७ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/– अङ्कित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/– को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं । त्यस लघुवित्त वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम		मिति	२०७३/९/
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा				खाता नं.	
निवेदकको पूरा नाम — नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक				
निवेदकको पूरा नाम — In English	Mr./Mrs./Miss/Minor				USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.	घर नं.	गा.वि.स./न.पा.	जिल्ला	
Permanent Address	Ward No.	House No.	VDC/Municipality	District	
सम्पर्क ठेगाना					
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.	
PAN No.		Contact. No.		नागरिकता जारी गरेको स्थान	
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम — नेपालीमा					
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम — In English					USE CAPITAL LETTER
बाबुको नाम					
Father's Name					
बाजेको नाम					
Grandfather's Name					
पति/पत्नीको नाम					
संरक्षकको नाम (नावालकको हकमा)					
Guardian's Name (Incase of minor)					

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरू र यस दरखास्त फाराममा खुलाएको विवरण सांचो हो । म/हामी यस लघुवित्त वित्तीय संस्थाको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु /गर्दछौं । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

काठमाडौं उपत्यकाभित्र रहेका संकलन केन्द्रहरू मार्फत दरखास्त फाराम बुझाउने आवेदकहरूले अनिवार्य रूपमा आफ्नो हितग्राही खाता (Demat Account No.) दरखास्त फाराममा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता उल्लेख नगरेको वा सही हितग्राही खाता (Demat Account No.) उल्लेख नगरेको दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

पुनश्चः १. आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडीपट्टी रहेको दफा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कालि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name					
Company's Name	SAMATA MICROFINANCE BITTIYA SANSTHA LIMITED				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date: Stamp

Code No. ☐☐☐
DP ID
Client ID

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ

१) बाँडफाँटमा नपरेका शेयर बापतको रकम फिर्ता लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । २) आवेदकलाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय संस्थामा रहेको आवेदकको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिइनेछ । ३) आवेदकलाई बाँडफाँटमा नपरेको साधारण शेयर बापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकले दरखास्त फारामसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपिको **सक्कलप्रतिको आधारमा सही आवेदकको पहिचान गरेर मात्र रकम दिइनेछ ।** ४) आफू उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडि मञ्जुरीनामा दिने र लिने दुबैले दस्तखत गरी यो रसिदका साथै मञ्जुरीनामा पाउने व्यक्तिको कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com